पान नं. २०१२५११९३
कार्यालय कोड:- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पिपरिया, बारा

मो. ९८०२५८९१६३
मधेश प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.नं. : ५४६

मिति :२०८०/०८/१२

विषय : सुझाव कार्यान्वयन गर्ने गराउने सम्वन्धमा ।

श्री सहकारि संस्थाहरु सबै ।

उपरोक्त विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.२०८०/०८१ को च.नं.१९८ को पत्र मिति २०८०/०८/०६ अनुसार तथा भूमि व्यवस्था , सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं.३९१ को पत्र मिति २०८०/०७/२४ अनुसार संलग्न विषयमा सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न प्राप्त पत्रानुसार गर्न हुन सम्पूर्णमा अनुरोध छ । सोहि पत्रहरु यसै पत्र साथ संलग्न गरिएको छ ।

वोधार्थ :
सुचना तथा प्रविधि शाखा : website तथा सामाजिक संजालमा upload गरिदिनुहुन ।

............
प्राण मेहता
प्रमुख-प्रशासकीय अधिकृत

प्राण मेहता
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ९६८

मिति:- २०८०/०८/०६

विषय:- जानकारी सम्वन्धमा।

परवानीपुर गाउँपालिका
लिपनीमाल, पर्सा
दर्ता नं.: ४६१
मिति: २०८०।८।१२

श्री सम्वन्धित २०।।८।१२

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं. ३९१ मिति २०८०/०७/२४ को समन्वय तथा सहजीकरण सम्वन्धी पत्रसाथ प्राप्त कागजात आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

**बोधार्थ:**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखा:- Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौ फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- १.६/स.व्य.प्र./२०८०/०८१
च.नं. ३९१

मिति:-२०८०/७/२४

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९८५५
दर्ता मिति:- २०८०/०८/०६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय:- आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपालको संविधान बमोजिम सहकारी संस्थाहरुको कार्यक्षेत्रानुसार संघ, प्रदेश र सबै स्थानीय तहहरुलाई सहकारी संस्थाको दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी अधिकार प्रदान गर्ने गरी संघीय सहकारी ऐन, २०७४ ले व्यवस्था गरेको विदितै छ। सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/१/२६ को निर्णयानुसार गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि संलग्न विषयमा तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई पत्राचारको लागि सहकारी विभागबाट अनुरोध भई आएकोले सोही अनुसार सबै स्थानीय तहहरुबाट कार्यसम्पादनको व्यवस्था मिलाउन आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गरिदिनुहुन मिति २०८०/७/२४ को निर्णयानुसार अनुरोध छ ।

२०८०/७/२४
..............................
(खेमनारायण पौडेल)
शाखा अधिकृत



CamScanner

मिति: २०८०/७/२४

श्री सहकारी विषय हेर्ने मन्त्रालय (सबै प्रदेश),
श्री सबै स्थानीय तहहरु ।

**विषय: सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को सुझाव कार्यान्वयन सम्बन्धमा।**

सहकारी क्षेत्रमा हाल देखा परेको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले दिएको सुझाव कार्यान्वयनका लागि आ-आफ्नो नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरुमा तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

**१. स्वेतपत्र जारी गर्न निर्देशन दिने**

सबै सहकारी संघसंस्थाहरुले २०८० मंसीर मसान्तभित्र संस्थाको दायित्व, लगानी तथा सम्पत्ती लगायतका वित्तीय विवरण समेटिएको स्वेतपत्र जारी गरी सम्बन्धित नियामक निकायमा पेश गर्न सबै प्रदेश र स्थानीय तहले आ-आफ्नो नियमन कार्यक्षेत्रभित्रका संस्थाहरुलाई ७ दिनभित्र निर्देशन जारी गर्ने।

**२. सघन अनुगमन गर्ने**

बचत फिर्ताका विषयमा उजुरी प्राप्त भएका सहकारी संस्थाहरुको सघन अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा समस्याग्रस्त, समस्याउन्मुख एवं साधारण गरी तीन समूहमा वर्गीकरण गर्ने।

**३. बचत फिर्ता कार्ययोजना निर्माण गर्न लगाउने र त्यसको कार्यान्वयनको अनुगमन गर्ने**

समस्याग्रस्त र समस्याउन्मुख सहकारी संस्थाहरुलाई २०८० चैत्र मसान्तभित्र माग अनुसारको सम्पूर्ण बचत रकम फिर्ता गर्ने गरी बचत फिर्ता कार्ययोजना पेश गर्न सहकारी संस्थाहरुलाई पत्राचार गर्ने । प्राप्त कार्ययोजना बमोजिम बचत फिर्ता भए नभएको यकिन गर्न मासिक प्रतिवेदन माग गरी अध्ययन/ पृष्ठपोषण तथा ताकेता गर्ने ।

**४. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति सदस्यहरु र व्यवस्थापकको सम्पती विवरण संकलन गर्ने**

२०८० मंसिर मसान्तभित्र सबै सहकारी संस्थाका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको सम्पत्ति विवरण सम्बन्धित नियामक निकायमा पेश गर्न विभाग सहित सबै प्रदेश र स्थानीय तहले आ-आफ्नो नियमन कार्यक्षेत्रभित्रका संस्थाहरुलाई ७

रजिष्ट्रार

दिनभित्र निर्देशन जारी गर्ने । प्राप्त सम्पत्ति विवरणको विद्युतीय माध्यममा सुरक्षित किसिमले अभिलेखिकरण गर्ने।

५. सम्पत्ति रोक्का राख लेखी पठाउने

समस्याग्रस्त र समस्याउन्मुख सहकारी संस्थाका सञ्चालक समिति तथा लेखा समितिका सदस्यहरु र व्यवस्थापकको बैंक खाता, अचल सम्पत्ति र राहदानी रोक्का गर्न सम्वन्धित निकायमा लेखी पठाउने ।

६. थप अनुसन्धानको लागि प्रहरीमा लेखी पठाउने

अनुगमन प्रतिवेदन प्राप्त भएको मितिले १५ दिनभित्र समस्याग्रस्त र समस्याउन्मुख सहकारी संस्थाहरुलाई प्रारम्भिक विवरण सहित थप अनुसन्धानको लागि प्रहरीमा लेखी पठाउने ।

७. कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गराउने

आफ्नो क्षेत्राधिकारमा भएको सबै सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गर्न निर्देशन जारी गर्ने र सो को प्रभावकारी अनूगमन र सहजीकरण गर्ने ।

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: info@deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)
नयाँ वानेश्वर, काठमाडौं

पत्र संख्या :- ०८०/८१
चलानी नं.:- ५८६

## सहकारी विभागको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संघसंस्थाहरुलाई सहकारी विभागबाट जारी गरिएको निर्देशन

निर्देशन जारी मिति: २०८०/७/२४

सहकारी क्षेत्रमा हाल देखा परेको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले दिएको सुझाव कार्यान्वयन गरी सहकारी क्षेत्रमा सुशासनका कायम गर्नका लागि यस विभागको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरुले तपसिल बमोजिम गर्नु गराउनुहुन सहकारी नियमावली, २०७५ को नियम ७६(झ) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. स्वेतपत्र जारी गर्ने

सवै सहकारी संघसंस्थाहरुले २०८० साल मंसिर मसान्तभित्र संस्थाको वचत दायित्व, लगानी तथा सम्पत्ती लगायतका वित्तीय विवरण समेटिएको स्वेतपत्र जारी गरी विभागमा पेश गर्ने।

२. बचत फिर्ता कार्ययोजना निर्माण गरी पेश गर्ने

वचत तथा ऋणको मूख्य कारोवार गर्ने सवै सहकारी संघसंस्थाहरुले २०८० चैत्र मसान्तभित्र माग अनुसारको सम्पूर्ण वचत रकम फिर्ता गर्ने गरी बचत फिर्ता कार्ययोजना २०८० साल मंसिर मसान्तभित्र पेश गर्ने।

३. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति सदस्यहरु र व्यवस्थापकको सम्पती विवरण पेश गर्ने

सवै सहकारी संघसंस्थाका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको सम्पत्ति विवरण संकलन गरी त्यसलाई पुष्टि गर्ने कागजात सहित २०८० साल मंसिर मसान्तभित्र विभागमा पेश गर्ने।

४. कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गर्ने

सवै सहकारी संघसंस्थाहरुले अनिवार्य रुपमा कोपोमिस प्रणालीमा तोकिए बमोजिमका विवरण प्रविष्टी गर्ने ।

(नरराज घिमिरे)
रजिष्ट्रार

CamScanner